स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेताद्वय विजय बराल र विल्सन विक्रम राईको मुख्य भूमिका रहेको फिल्म 'यो मन त मेरो नेपाली हो' आगामी असार २७ गतेबाट प्रदर्शनमा आउने भएको छ। निर्माताले मंगलबार आरआर फिल्मसँग वितरणसम्बन्धी सम्झौता गरेपछि फिल्मको प्रदर्शन मिति घोषणा गरेका हुन्। नर प्रधान (मित्र)को निर्देशनमा तयार भएको फिल्ममा विजय र विल्सनसहित रोशन श्रेष्ठ, बुद्धि तामाङ लगायतको अभिनय छ।

**आजको विचार...**



मणि शर्मा

नेपालको...

(दुई पेजमा)



गत शुक्रबारबाट प्रदर्शनमा आएको फिल्म 'रंगी'ले व्यापारमा सुधारका लागि हलमा संघर्ष गरिरहेको छ। दर्शकीय प्रतिक्रिया राम्रो भए पनि व्यापार बढ्न सकेको छैन। यसैबीच, सोमबार फिल्मको नयाँ गीत 'अडिदेउ' सार्वजनिक गरिएको छ। गीतमा अन्जान रानाभाटको पार्श्व गायन तथा संगीत छ भने सौगात सापकोटाको शब्द रचना, सम्रिक बादेको एरेन्ज, मिक्सिङ तथा मास्टरिङ छ। गीतको भिडियोमा फिल्मका प्रमुख कलाकारहरु सलोन बस्नेत, नम्रता श्रेष्ठ, आयुषी ढकाल र सुमिन गुरुङ प्रस्तुत छन्।

❒ वर्ष ३० ❒ अंक २०७ ❒ २०८१ फागुन ७ गते बुधबार 19 February 2025, Wednesday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

**सक्षिप्त समाचार**

## अर्धसैनिक हमलामा २ सयको मृत्यु

(रासस/एएफपी)

**पोर्ट सुडान,** फागुन ६/सुडानी अर्धसैनिक बलहरूले देशको दक्षिणका गाउँहरूमा तीन दिनको आक्रमणमा महिला र बालबालिकासहित दुई सयभन्दा बढी व्यक्तिको हत्या गरेको युद्धको निगरानी गर्ने एक वकिल समूहले मंगललबार बताएको छ । अधिकार उल्लैनको अभिलेखीकरण गर्ने इमर्जेन्सी लयर्सका अनुसार नियमित सेनासँग झन्डै दुई वर्षदेखि युद्धमा फसेको अर्धसैनिक र्‍यापिड सपोर्ट फोर्सेस ( आरएसएफ) ले 'ह्वाइट नाइल राज्यको अल-कदारिस र अल-खेलवात गाउँहरूमा कुनै सैन्य उपस्थिति नभएका क्षेत्रहरूमा निहत्था नागरिकहरूमाथि आक्रमण गरेको' थियो । आरएसएफले शनिबारदेखि आक्रमणका क्रममा 'हत्या, अपहरण, जबरजस्ती बेपत्ता र सम्पत्ति लुटपाट' गरेको छ, जसमा सयौं घाइते वा बेपत्ता भएका छन् ।

**सन्दर्भ प्रजातन्त्र दिवस**

# प्रजातन्त्रको ७५ वर्ष : फेरिएन जनताको अवस्था

**रामचन्द्र रायमाझी**

**पाल्पा,** फागुन ६/नेपालमा जहानियाँ राणा शासनको अन्त्य भई प्रजातन्त्र आगमनको ७५ वर्ष भएको छ । आजकै दिन अर्थात् फागुन ७ महान् जनक्रान्तिमार्फत् नेपाली समाजलाई राणा शासनको दासताबाट मुक्त गरी आधुनिक युगमा प्रवेश गराउन ढोका खुलेको दिन हो ।

जसलाई प्रजातन्त्र दिवसका रुपमा मनाउने गरिन्छ । प्रजातन्त्र प्राप्तिका लागि योगदान दिएका महान् योद्धा र उनीहरुको सपनालाई साकार पार्ने संकल्पका साथ हरेक वर्ष विभिन्न राजनीतिक दल र सरकारले विभिन्न कार्यक्रम गरी २००७ फागुन ७ गतेको स्मरण गर्छन्, र प्रजातन्त्र दिवसको




महत्वबारे व्याख्या गर्छन् । तर, दुखको कुरा ! प्रजातन्त्रको मर्म र भावना कसैले आत्मसात् गर्न सकेका छैनन् । जसका कारण प्रजातन्त्रले निर्दिष्ट गरेको लक्ष्य हासिल हुन सकेको छैन । बरु दलका नेताहरूको अदूरदर्शिता, दीर्घकालीन सोचको अभाव र आपसी खिचातानीले प्राप्त उपलब्धि नै बेलाबखत गुम्दै आएको छ । प्रजातन्त्र घोषणाको दिनले आसन मात्र होइन, देशको शासन नै बदलियो । फेरिएको व्यवस्थासँगै मुलुकमा विद्यमान गरिबी, पछौटेपन, विभेद अन्त्य हुने धेरैको बुझाइ र विश्वास पनि थियो । तर शासन व्यवस्था र शासक फेरिएको ७४ वर्ष पूरा हुँदासम्म जनताको आशा र अपेक्षा अनुसार काम हुन भने सकेको छैन । जसले गर्दा व्यवस्था फेरिए पनि जनताको अवस्था भने उस्तै भएको अनूभूत आम नाागरिकमा छ । व्यवस्था र शासक फेरिए पनि प्रवृति नबदलिँदा जनताले लामो संघर्षबाट मुलुकमा स्थापित प्रतातन्त्रको वास्तविक अनुभूति गर्न नसकेको राजनीतिक विश्लेषक राजेन्द्र श्रेष्ठले बताए । 'व्यवस्था त फेर्‍यौं तर नयाँ व्यवस्था हाँक्ने पात्र, प्रवृत्ति र मानसिकता फेर्न सकिएन,' श्रेष्ठ भन्छन्, 'फेरिएका पात्रले नै प्रजातन्त्र र संघीय लोकतान्त्रिक गणतन्त्रलाई जोकको विषय बनाए ।' मुलुकी राजनीतिमा भएको आमूल परिवर्तनपछि पनि राजतन्त्रात्मक मानसिकताले गर्दा जनताको अवस्थामा परिवर्तन आउन सकेन । शासन व्यवस्थाका केही संरचना परिवर्तन भए। देशको सर्वोच्च पद राष्ट्रप्रमुखको जिम्मेवारीमा जनताका छोरोछोरी पुगे । राजदरबार हट्यो, राष्ट्रपति कार्यालय स्थापित भयो । तर मानसिकता परिवर्तन हुन सकेन । सत्तामा पुगेकाले राजाकै पालामा जस्तो लावालस्कर र विलासी जीवनलाई निरन्तरता दिँदा जनताले परिवर्तनको अनुभूति गर्न नसकेको विश्लेषक श्रेष्ठको भनाई छ ।

-बाँकी अन्तिम पेजमा...

## आज निर्वाचन दिवस मनाइँदै



**पाल्पा,** फागुन ६/फागुन ७ कै दिन निर्वाचन दिवस मनाइँदैछ । नेपालीले मताधिकार उपयोग गर्न पाएको महत्वपूर्ण दिनको स्मरण गर्दै यो दिवस मनाउने गरिएको हो । आज नवौं निर्वाचन दिवस मनाइँदै छ ।

नेपालले वि.सं. २०७३ देखि फागुन ७ गते निर्वाचन दिवस मनाउन थालेको पाइन्छ । तत्कालीन प्रधानमन्त्री टंकप्रसाद आचार्यको कार्यकालमा २०१५ साल फागुन ७ गते महासभा र प्रतिनिधिसभा गरी दुई सदनका लागि निर्वाचन भएको थियो । त्यही दिनलाई आधार मानी प्रत्येक वर्ष फागुन ७ गते निर्वाचन दिवस मनाइन्छ । आयोगसँग निर्वाचन व्यवस्थापनका साढे ६ दशकभन्दा लामो सफल प्रेरणादायी अनुभव र गौरवमय इतिहास छ । मुलुकको स्वतन्त्रता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, जनतामा निहित सार्वभौमसत्ता, बालिग मताधिकार, आवधिक निर्वाचन र संघीय लोकतान्त्रिक गणतन्त्रको जगमा निर्वाचनको सञ्चालन, रेखदेख, निर्देशन र नियन्त्रणको संवैधानिक जिम्मेवारी आयोगले प्राप्त गरेको छ । आयोगले निष्पक्षता, स्वतन्त्रता, व्यावसायिकता र विश्वसनीयता प्रत्याभूतिसहित निर्वाचन व्यवस्थापन गर्दै आएको छ । संघीय लोकतान्त्रिक गणतन्त्र, जनतामा निहित सार्वभौमसत्ता आवधिक निर्वाचन, बालिग मताधिकार र जनताको प्रतिस्पर्धात्मक बहुदलीय शासन प्रणालीको जगमा निर्वाचनको सञ्चालन, रेखदेख, निर्देशन र नियन्त्रण गर्ने संवैधानिक जिम्मेवारी आयोगले कुशलतापूर्वक सम्पादन गरेको छ । पहिलो आम निर्वाचनमा नेपाली काँग्रेसले दुई तिहाइ बहुमत अर्थात ७४ सिट प्राप्त गरेको थिए । उक्त निर्वाचनमा १६ वटा राजनीतिक दलले भाग लिएका थिए । लोकतन्त्रको मेरुदण्डका रुपमा रहेको आवधिक निर्वाचन प्रारम्भ भएको ५८ वर्षपछि आयोगले पहिलो पटक विसं २०७३ देखि फागुन ७ गते भव्यताका साथ दिवस मनाउने गरेको हो । दिवसका अवसरमा आयोगले प्रभातफेरी, अन्तरसंवाद जस्ता कार्यक्रम तय गरेको जनाएको छ ।

## स्वास्थ्य सम्बन्धी पत्रकारहरुसँग अन्तरसंवाद

**कृष्ण पोखरेल**

**पाल्पा,** फागुन ६/जिल्ला स्वास्थ्य कार्यालय पाल्पाले नसर्ने रोग र त्यसको रोकथामका बिषयमा मंगलवार पत्रकार र स्थानीय रेडियोमा अन्तरसंवाद कार्यक्रम आयोजना गरेको छ । प्रजातन्त्र दिवसको अवसरमा स्वास्थ्य कार्यालयले नसर्ने रोगहरुको अवस्था, पहिचान र निदानका विषयमा अन्तरक्रिया कार्यक्रम गरेको छ ।



पाल्पाका प्रमुख जिल्ला अधिकारी तोयनारायण सुवेदी, जिल्ला अस्पतालका चिकित्सक डा.विवेक पौडेल र जिल्ला स्वास्थ्य कार्यालयका निमित्त प्रमुख टुकप्रसाद पोखरेल र पत्रकार महासंघका अध्यक्ष कमलराज तिमिल्सेना, जिल्लाका पत्रकारहरुको सहभागितामा थियो । जिल्ला जनस्वास्थ्य कार्यालय पाल्पाका प्रमुख टुकप्रसाद पोख्रेलले, स्वास्थ्य कार्यालय पाल्पाले हाल सम्म गरेका गतिविधीका बिषयमा जानकारी दिएका थिए । प्रमुख जिल्ला अधिकारी तोय नारायण सुवेदीले, जिल्लामा भएको शान्ति सुरक्षाको व्यवस्थापन र बिभिन्न आईपर्ने समस्यालाई न्युनिकरण गर्ने क्रममा जिल्ला प्रशासन कार्यालय पाल्पाको भूमिका महत्वपुर्ण रहेको जानकारी दिए । जिल्ला अस्पताल पाल्पाका मेडिकल अधिकृत डा विवेक पौड्याललले, स्वास्थ्य सेवा र विरामीको चापका बिषयमा आफ्नो धारणा व्यक्त गरेका थिए । संवाद कार्यक्रमलाई पाल्पा जिल्लाका सबै स्थानीय रेडियोहरुले प्रत्यक्ष प्रशारण गरे ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना

# सम्पादकीय

## देउवा उत्तराधिकारीको प्रशवपीडामा

**नेपाली काँग्रेस भित्र १५ औं महाधिवेशनको पुर्व तयारीका लागि नेताहरु देश दौडाहामा लागेको देखिन्छ । यसरी देश दर्शनका लागि दौडने परम्परा यो पटक मात्रै होईन् । ११ औं महाधिवेशन पछिका सबै महाधिवेशनहरुमा काँग्रेस भित्र गुट अनि उपगुटका चर्चा र शैलीहरु छताछुल्ल रुपमा प्रर्दशित हुँदै आएका छन् । १४ औं महाधिवेशनबाट निर्वाचित सभापति शेरवहादुर देउवाको दोस्रो पटकपछि तेस्रोमा सभापति लड्न नमिल्ने विधानको व्यवस्थालाई टेकेर अब नयाँ पुस्ताको कांधमा जिम्मेवारी आउँने र ल्याउँने प्रयासमा अहिले नवनित्तम धुविकरणहरु देखा परेका हुन ।**

**पार्टी मुद्दा हरेक तह र तप्कामा स्थापित गर्ने अनि काँग्रेसलाई नयाँ र जोसिलो काँग्रेस भएको देख्न चाहेकाहरु हालका महामन्त्री गगनकुमार थापालाई १५ औं महाधिवेशनबाट सभापति बनाउँने सोंचका साथ अगाडि बढेको देखिन्छ भने, १४ औं महाधिवेशनमा गगनलाई साथमा लिएर सभापतिमा शेरबहादुरसँग भिडेका थिए । शेखर उपविजेता भए र गगन त्यही टीमबाट अत्याधिक मत ल्याएर महामन्त्रीमा निर्वाचित भएका थिए । गगन, आँट हुन, युवाका भरोशा हुन, उनीसँग नेपालीलाई गगनचुम्मी शैलीबाट नयाँ नेपाल बनाउने आँट छ । उनी प्रति युवाको भरोसा भनेकै गगन हुन भन्ने आवाज अगाडि आई रहेकै बेला शेरबहादुर पनि उनीबाट कतिपय कुरामा विश्सस्त देखिन्छन् । मन नमिले पनि पार्टी बलियो हुन्छ भने गगनले नेतृत्व गर्दा राम्रै हुने आशामा देउवाले उत्तराधिकारी जन्माउँने प्रशवपीडालाई कम गर्ने मात्र उनकै महामन्त्रीका रुपमा खडा भएको आभास पाएका हुन कि भन्ने भान हुन थालेको छ । शेरवहादुर युगले पार्टीलाई एउटा उचाई प्रदान गरेको कुरालाई नकार्न सकिदैन् । सरकार चलाउँने र ढलाउँने खेलका महानायक मानिएका शेरबहादुर कम बोल्ने अनि धेरै परिणाम दिने खालका राजनैतिक चर्तुर खेलाडीका रुपमा चिनिएका कारण उत्तराधिकार हस्तान्तरणमा पनि उनले नयाँ चकत्कार देखाउँने अड्कलहरु पनि प्रसस्त अगाडि आएका छन् । त्यस कारण अब सबैले युवा पुस्ताको नेतृत्व स्थापित गर्नका लागि गगन थापाका हरेक आधारभूत मुल्य र मान्यतालाई स्थापित नमात्तिने, नआत्तिने, खालको सुझवुझ सहितको नेतृत्व चयनको तयारी गरी नेपाली काँग्रेसलाई लोकतन्त्रको पहरेदार पार्टीका रुपमा स्थापित गर्ने काममा लगनशील भएर लाग्नुको विकल्प छैन ।**

### Opinion @ Social Network

कसैले बुझ्न खोजेन लाचार खरानीको महत्व
आफू भस्म भएर कराईको पिँध जोगाएको छ।
*(मोहन खत्रीको फेसबुक पेजको स्टाटस https://www.facebook.com/Mohan.Khatari)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# नेपालको वर्तमान आवश्यकता



## मणि शर्मा

शक्तिराष्ट्रहरू एक ठाउँमा आएपछि छिमेकी साना राष्ट्रहरूको अस्मिता समाप्त हुन बेर छैन । पुटिनका मस्तिष्क मानिने अलेकजेन्डर दुगिनले लेखेका छन्, अमेरिकाले क्यानाडा र ग्रीनल्याण्ड लिएमा हाम्रो कुनै आपत्ति छैन तर हाम्रो भू-भाग रहेको युक्रेन, बेलारुस र बाल्टिक हाम्रो हुनुपर्छ । ट्रम्प र मोदीको पत्रकार सम्मेलनमा ट्रम्पले बंगलादेश सम्बन्धी विवाद हेर्ने जिम्मा मोदीको हो भनेर भने । ट्रम्प आफूले क्यानाडा, म्याक्सिको, पानामा, गाजा र ग्रीनल्याण्ड कब्जा गरेमा शक्तिराष्ट्रहरूबाट विवाद नआओस् भन्ने चाहन्छन् । एकातिर ब्रिक्स मुद्रा प्रचलनमा ल्याएमा र ट्रम्पका कुरा नमानेमा ट्यारिफ बढाउने धम्की दिइरहेका छन् भने अर्कोतिर यी तीन शक्तिशाली नेताहरूसँग सम्बन्ध मधुर पनि राख्ने प्रयास गरेको देखिन्छ । उता बंगलादेशले पनि आफ्नो स्वार्थमा ट्रम्पका दाहिना हात एलेन मस्कसँग त्यहाँका सरकार प्रमुख मोहम्मद युनुसले फोनवार्ता गरी बंगलादेशमा उनका नेटवर्क स्टारलिंकलाई बंगलादेशमा विस्तार गर्न अनुरोध गरेका छन्, जसलाई मास्कले स्वीकृति पनि दिएका छन् । एलेन मस्कलाई फकाएर युनुसले ट्रम्पको आफूप्रतिको समर्थन लिन खोजेको देखिन्छ । किनकि स्टारलिंक यो क्षेत्रमा आउनु भनेको चीनमाथि अमेरिकी निगरानी बढाउनु हो । इण्डियाले सुरुमा परित्याग गरेको स्टारलिंकलाई तर अहिले मस्कसँगको उनको भेटवार्ताले उनको सोच बदल्न पनि सक्छ, बंगलादेशमा भित्र्याएर युनुसले ट्रम्पको सहानुभूति खोजेका छन् भने मोदीले अमेरिकासँग अत्याधुनिक हतियार, एफ ३५ युद्ध विमान, तेल र ग्यास किन्न तयार भए ।

ट्रम्पले हतियार र तेलमा इण्डियाको रूस निर्भरता कम गर्न यो दाउ खेलेका हुन्, जसलाई मोदीले नकार्न सकेनन् । तैपनि ट्रम्पले इण्डियामाथि लगाएको ट्यारिफ कम गर्ने आश्वास दिएनन् । बरू मोदी नै अमेरिकन सामानमा ट्यारिफ घटाउन सहमत भए । अमेरिका जानुअगाडि अमेरिकन मोटरसाइकलमा उनले कर सर्लक्कै घटाएर ट्रम्पलाई खुशी पार्न खोजे । ट्रम्प र मोदीको भेटमा दुवैको बडी ल्याड्रुएज त्यति राम्रो थिएन । झन् पत्रकार सम्मेलनमा मोदीको अगाडि ट्रम्पले चीनको प्रशंसा गर्दै चीनसँग सम्बन्ध राम्रो राख्ने भनेका थिए । दक्षिण एशियामा बाघ बन्ने मोदी ट्रम्पको अगाडि भिजेको बिरालो जस्तै थिए । ट्रम्पले पत्रकार सम्मेलनमा बंगलादेशमा सत्ता परिवर्तनमा अमेरिकाको हात नरहेको भनेर आफ्नो पूर्ववर्ती सरकारको रक्षा गरेका छन् । जब सत्य यो हो कि बाइडेन र उनको डिपस्टेटले नै बंगलादेशमा सत्ता परिवर्तन गराएको हो । हामीकहाँ भए सत्तामा सँगै हुँदा प्रशंसा गर्ने र अलग हुँदा हिजोको सहयात्रीको बदनाम गर्ने परम्परा छ । राष्ट्रभन्दा स्वयंलाई महत्व दिने चलन नेपालमा छ । जबसम्म देश आर्थिक रूपमा समृद्ध र आणविक रूपमा शक्तिसम्पन्न हुँदैन तबसम्म विश्व रंगमञ्चमा उसको कुनै महत्व हुँदैन । राज्यबाट हुने अत्यधिक भ्रष्टाचारले नेपाल जर्जर भइसकेको छ भने आणविक शक्तिमा नेपाल शून्य छ । नेपाललाई विश्व रंगमञ्चमा शिर ठाडो पारेर उभ्याउन छ भने देश भ्रष्टाचार शून्य हुनुपर्छ, यसका लागि यो व्यवस्थालाई समाप्त पारेर देशभक्तहरूको नेतृत्वको सत्ताको स्थापना गर्नुपर्छ । आणविक रूपमा मुलुकलाई शक्तिशाली बनाउन चीनबाट सहयोग लिन सकिन्छ । चीन, रुस र पाकिस्तान यसमा हाम्रा लागि सहयोगी हुन सक्छन् । वर्तमान गुलाम मनस्थिति भएका शासक वर्गको यो व्यवस्थामा यो सम्भव छैन । डि डलराइजेसनबाट डराएको ट्रम्पले अहिले पुटिनसँग फोन संवाद गरी सम्बन्धलाई मधुर बनाउने कोसिस गरेका छन् । आज ट्रम्पले युरोपियन युनियनलाई बेवास्ता गर्दै ब्रिक्सका यी ठूला राष्ट्रहरूसँग किन वार्ता गरिरहेको छ ? किन म्युनिख सम्मेलनमा जे डि भान्सले युरोपियन मुलुकहरूको आलोचना गरे ? अमेरिका बिनाको युरोप पानी बिनाको माछा हो । हुन त मोदीलाई ट्रम्पले निम्ता दिएका थिएनन्, आफैं निम्ता लिएर अमेरिका गएका हुन् । हिन्दीमा एउटा उखान छ, 'मान न मान मैं तेरा मेहमान' । सबै छिमेकीहरूसँग सम्बन्ध बिग्रेपछि उनी ट्रम्प शरणम् भएका हुन्, फेरि आफ्नो फणा छिमेकी मुलुकहरूमा उठाउन पाऊँ भनेर । बंगलादेशसँगको बिग्रिँदो सम्बन्ध, बंगलादेशमा पाकिस्तानको प्रवेश मोदीको टाउको दुखाइ भएको छ । त्यसैले ट्रम्पको शरणमा पुगेर उनलाई फकाउन बाध्य भए मोदी । फेरि पाकिस्तान र बंगलादेश एकीकरण हुने डर पनि छ । हालसालै पुटिन र ट्रम्पबीच कुराकानी हुनु अगाडि ट्रम्पले भनेका थिए, 'कुनै एउटा समयमा युक्रेन रुसको हुनसक्छ ।' यस्तो समयमा उनले आफ्नो यो धारण व्यक्त गरे जब उपराष्ट्रपति जे डि भान्स युक्रेन यात्रामा जान लागेका छन् । ट्रम्पले युक्रेनको दुर्लभ तथा मूल्यवान खनिज भएको क्षेत्रलाई आफूले लिने मनसाय गरेका छन् । जेलेनस्कीले ती क्षेत्र ट्रम्पलाई दिएमा उनले युद्ध विराम गराइदिने आश्वासन पनि दिएका छन् । फक्स न्यूजसँगको अन्तर्वार्तामा ट्रम्पले भनेका थिए, 'एउटा सम्झौता गर्न सक्छन्, नगर्न पनि सक्छन् । उनीहरू एकदिन रुसको हुन पनि सक्छन् वा रुसको नहुन पनि सक्छन् । यो एक किसिमको जेलेनस्कीलाई धम्की पनि हो । तिम्रो खनिज बहुल क्षेत्र हामीलाई दिए भने तिम्रो र तिम्रो देशको अस्तित्व रहन सक्छ, नदिए नरहन पनि सक्छ । चाँडै नै युक्रेनसम्बन्धी विशेष दूत कैथ केलगलाई किभ पठाउने कुरा ट्रम्पले निश्चित गरेका छन् । ट्रम्पले यतिमात्र होइन जेलेनस्कीले हामीले युक्रेनलाई सहयोग गरेबापत अमूल्य र दुर्लभ खनिज पदार्थ हामीलाई दिनुपर्छ र युक्रेन नाटोको सदस्य बन्न पाउँदैन तथा रुसले जितेको युक्रेनी भू-भाग रुसलाई दिनुपर्छ भनेका छन् । जेलेनस्कीले सोचेका थिए अमेरिकाले हामीलाई सहयोग गरिरहनेछ र युरोपियन युनियनको सहयोग पनि रहिरहनेछ । यसरी हामीले युद्ध जित्नेछौं । जर्मनीमा हुन लागेको चुनावमा दक्षिणपन्थीहरूको जित हुने सम्भावना छ । दक्षिणपन्थीहरूले जर्मनीमा जितेमा जेलेनस्कीमाथि अर्को बज्रपात पर्ने सम्भावना छ । अरूको भरमा पर्दा र शक्तिशाली देशको गुलामी गर्दा आफ्नो मुलुक नै हराउनुपर्छ भन्ने ज्ञान जेलेनस्कीमा थिएन् न त छ । नेपालका शासक वर्गमा पनि जेलेनस्की सोचले घर गरेको छ । युरोपियन युनियन भनेको अमेरिकाको छायाँ हो, अमेरिकाले साथ छोड्नासाथ ऊ पंगु भइहाल्छ । ट्रम्पले युरोपियन युनियनप्रति देखाएको उदासिनता र उसलाई सहयोग नगर्ने नीतिले युरोपियन युनियत त अपाहिज भइसक्यो, सँगसँगै जेलेनस्की र युक्रेनको भाग्यमा पनि खग्रास ग्रहण लागेको छ । रुसको युक्रेनमाथि आक्रमण बढ्दै गइरहेको छ । यदि उसले किभलाई कब्जा गर्न सक्यो भने सम्पूर्ण युक्रेनमाथि कब्जा हुनेछ । यसले हाम्रा विदेशी शक्तिका समर्थक शासक वर्गले पाठ सिक्ने कि ? यसरी त उनीहरू समाप्त भएरै जानेछन्, सँगसँगै मुलुकलाई नै समाप्त पार्नेछन् । रुस, इण्डिया र अमेरिकाबीच मित्रता घनिष्ठ हुँदैगएमा मोदीको अखण्ड भारतको सपना साकार हुन बेर छैन । अनि नेपाललाई खोज्न कहाँ जाने ? शक्तिराष्ट्रहरू बजार हेर्छन् । नेपाल कुनै ठूलो बजार पनि होइन । पुटिनसँग फोनवार्तापछि ट्रम्पले यसलाई अत्यन्त फलदायी भएको भनेका छन् । टुथमा उनले लेखेका छन्, 'हामीले युक्रेन, मध्यपूर्व, इन्धन, एआई, डलरको शक्ति र विभिन्न विषयमा कुराकानी गरेका छौं ।' यदि युक्रेनले अमेरिकालाई उसको दुर्लभ र मूल्यवान खनिज क्षेत्र नदिएमा ट्रम्प आक्रामक रूपमा युक्रेनविरुद्ध लाग्नेछन्, जसको फाइदा रुसलाई हुनेछ । यदि अमेरिकालाई जेलेनस्कीले उसले मागेको भूभागको अधिकार दियो भने भोलिका दिनमा रुस खतरामुक्त रहने छैन । जेलेनस्कीले ती क्षेत्र अमेरिकालाई दिनबेर गर्ने छैनन् । किनकि युद्ध जित्ने सम्भावना अब युक्रेनसँग छैन । पूरै युक्रेन गुमाउनुभन्दा बचेको युक्रनमै चित्त बुझाउनुपर्ने स्थिति छ जेलेनस्कीको लागि । युद्ध रोकेर आफ्नो माग पूरा गराउन ट्रम्पले विदेशमन्त्री मार्को रुबिओ, सिआइए निर्देशक जोन र्याटक्लफ, राष्ट्रिय सुरक्षा सल्लाहकार माइकल वाल्टज् र उनको विशेषदूत उइटकफलाई वार्ता गर्ने जिम्मा दिएका छन् । मध्यपूर्वमा उनी इरानका कट्टरविरोधी हुन्, जबकि इरानको चीन र रुससँग असल सम्बन्ध छ । मध्यपूर्वमा अमेरिकाले इजरायललाई बलियो बनाउने पक्षमा छन् । एआई पेरिस सम्मेलनमा अमेरिकाले एआई घोषणापत्रमा सही नगरेर ऊ यसको विरोधमा उभिएको देखिन्छ । किनकि चीन अहिले एआई प्रविधिमा अमेरिकालाई उछिनेको छ । अहिले विश्वमा चीन नै उसको एकमात्र प्रतिस्पर्धी हो । डि डलराइजेसनबाट जोगिन ट्रम्पले डलरको मुद्दा पुटिनसँगको फोनवार्तामा उठाएका छन् । डि डलराइजेसनको सिद्धान्तमा पुटिनको महत्वपूर्ण भूमिका छ । यदि डि डलराइजेसन हुँदै गयो भने डलरको मूल्य नपत्ताइने किसिमले ढल्नेछ । डलर ढल्नु भनेको अमेरिका ढल्नु हो । ट्रम्पले डि डलराइजसनको विरुद्ध जति कडा धम्कीहरू दिए पनि भित्रभित्रै ऊ डराएको स्थिति छ । पुटिनलाई फकाउन सके भने यसबाट जोगिन सक्छ भनेर ट्रम्पले पुटिनसँग सुमधुर सम्बन्ध राख्न बाध्य भएका हुन् । ट्रम्प एउटा बिलिनियर व्यापारी हुन् । उनी धुर्त दिमागका पनि छन् । कतै उनले एउटै गोलीले धेरै शिकार त गरिरहेका छैनन् ? उनले पुटिन, सि जिन पिंग र मोदीको प्रशंसाको पुल पनि बाँध्छन्, रुसलाई कमजोर बनाउन खोज्छन्, चीनलाई क्वाडमार्फत इण्डियालाई अगाडि सारेर घेर्न पनि खोज्छज् । पुटिनका दिमाग अलेकजेन्डर डुगिनले अहिले ट्रम्पको जति प्रशंसा गर्दैछन्, भोलि उनलाई नै पश्चाताप न होस् । अलेकजेण्डर डुगिनले भनेका छन्, पश्चिम अब एकीकृत अस्तित्वको रूपमा रहन सक्ने छैन । डोनाल्ड ट्रम्प र भ्लादिमिर पुटिनले रुढीवादी क्रान्तिमार्फत विश्वव्यवस्थालाई पुन: आकार दिँदैछन्, जहाँ क्यानडा र ग्रीनल्याण्ड अमेरिकी नियन्त्रणमा पर्न सक्छन्, पूर्वी युरोपका केही भागहरू रुसको हुन सक्छन् । युरोप कि त महान् बन्नुपर्छ कि त गायब हुनुपर्छ । पुटिन, ट्रम्प, सि जीन पिंग र मोदी आआफ्ना देशलाई दक्षिणपन्थी धारमा लग्दैछन्, आफ्नै देशको मौलिक धर्म, संस्कृति, परम्परा र सभ्तताको रक्षा गर्दैअगाडि बढ्न लागेका छन्, जबकि नेपाल पश्चिमा खिष्टान रिलिजन, संस्कृति, सभ्यता र परम्परालाई अगाडि बढाएर आफ्नो मौलिकताको ध्वंशमात्र गरिरहेको छैन, साथै हाम्रो मौलिक धर्म, संस्कृति, परम्परा र सभ्यतालाई त्याग्दै इण्डियन हिन्दुवादी कृत्रिम धर्मको पछाडि कुदिरहेका छन् यहाँका दक्षिणपन्थी भनाउँदा नेताहरू र बहुसंख्यक जनता । हामीले हाम्रो आफ्नै आमाको गर्धनमा खुकुरी राखेर सौतेनी आमाको पाउमा दण्डवत गरिरहेका मात्र छैनौं, पश्चिमा धर्म संस्कृति र सभ्यता तथा परम्पराहरूलाई अपनाइरहेका छौं । नेतामात्र दोषी छैनन् यसमा, हामी अन्ध जनता पनि उत्तिकै जिम्मेवार छौं । नेपाल जस्तो सानो, आर्थिक रूपमा अत्यन्त कमजोर पारिएको मुलुक र सामरिक शक्तिमा अत्यन्त कमजोर स्थिति भएको मुलुक हो । सेना अमेरिकाको बढी निकट र इण्डियाको मानार्थ सेनाको परिधिबाट बाहिर उम्किन नचाहने अवस्थाले नेपालको भविष्य अन्यौलमा छ । अहिलेको व्यवस्था र देशद्रोही तथा भ्रष्ट शासक वर्गका कारण नेपाल ठूला शक्तिराष्ट्रको कतै चपेटामा आउने त होइन भन्ने चिन्ता नेपालीहरूमा छ । नेपाललाई सशक्त र आत्मनिर्भर बनाउँदै सामरिक शक्तिमा सुदृढ बनाउन पृथ्वीनारायण शाहको राष्ट्र एकीकरणको जगमा र उहाँले स्थापना गरेको सेनाको पुनर्गठन गर्दै अगाडि बढ्नु उचित हुनेछ । ***-इहिमालय टाइम्स डटकम***

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०२५
रेडक्रस तौलिहवा ०७६-५६००७५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टेङन्टी:९८५७०२२४७,९८५७०६७०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : नयाँ सम्पर्कबाट लाभ मिल्नेछ। पारिवारिक समस्याहरूको समाधान हुनेछ। | **तुला** : कलाको क्षेत्रमा सम्मान बढ्नेछ। नयाँ कीर्तिमान स्थापित गर्न सकिनेछ। |
| **वृष** : कार्यसम्पादन गर्नमा समय लाग्नेछ। आफ्ना कमजोरी ढाक्न कार्य दोहोर्याएर गर्नुपर्ला। | **वृश्चिक** : स्वास्थ्यलाई लिएर सचेत हुनुहोला। अनुमानित भन्दा धेरै समय लाग्नेछ। |
| **मिथुन** : ईमान्दारिताको परिचय दिनुहोला। नयाँ योजनाहरूमा लगानी लगाउन सक्नुहुनेछ। | **धनु** : कार्यक्षेत्रमा खुट्टा तान्ने प्रयास गर्नेछन्। वित्तीय वा सहकारी संस्थाबाट लाभ मिल्ला। |
| **कर्कट** : कार्य गर्नमा परिवारको सहयोग मिल्नेछ। प्रेम सम्बन्ध सुमधुर रहनेछ। | **मकर** : मामिलाहरू सुल्झिनेछन्। व्यापार व्यवसायमा पिताको साथ सहयोग मिल्नेछ। |
| **सिंह** : कार्यक्षेत्रमा नयाँ कार्यहात लाग्नेछ। पारिवारिक समस्याको समाधान मिल्नेछ। | **कुम्भ** :अनुभवको फाइदा लिन सकिएला। कृषिबाट लाभ आर्जन गर्न सकिएला। |
| **कन्या** : योजनाहरू बनाउनुपर्ने हुन्छ। आफन्तहरूको साथ र सहयोग मिल्ला। | **मीन** :स्वास्थ्यलाई लिएर चिन्ता रहनेछ। अरुको सहयोग गरेर मन प्रसन्न रहनेछ। |

## कला मनोरञ्जन

# अन्तर्राष्ट्रिय चलचित्र महोत्सव-२०२५ मा




विलक्षण क्रियसन प्रालि र कलेज अफ जर्नालिजम एण्ड मास कम्युनिकेसनको आयोजना तथा चलचित्र विकास बोर्डको सह-आयोजनामा १३औं संस्करणको 'नेपाल अफ्रिका अन्तर्राष्ट्रिय चलचित्र महोत्सव २०२५' (नाइफ)को तयारी अन्तिम चरणमा पुगेको छ । यो महोत्सव यही ९ फागुनबाट ११ फागुनसम्म नेपाल पर्यटन बोर्ड भृकुटीमण्डपमा आयोजना हुँदैछ । महोत्सव अध्यक्ष डा.मञ्जु मिश्रका अनुसार यो महोत्सवको राष्ट्रिय चलचित्रको प्रतिस्पर्धामा यसपटक २९ वटा लामा-छोटा चलचित्र महोत्सवको फाइनलका लागि चयन भएका छन् । महोत्सवमा प्राप्त ७३ वटा चलचित्र, वृत्तचित्र, लघु चलचित्र, आदिवासी जनजाति चलचित्र तथा सांगीतिक लघु चलचित्र र विद्यार्थी चलचित्रबाट २८ वटा लामा छोटा चलचित्र महोत्सवको फाइनलका लागि चयन भएका हुन् । जसमा कथानक चलचित्र सातवटा, लघु चलचित्र सातवटा, सांगीतिक लघु चलचित्र पाँचवटा, वृत्तचित्र चारवटा, आदिवासी जनजाति चलचित्र तीनवटा, विद्यार्थी चलचित्र दुईवटा छन् । महोत्सवमा यसपटक प्राप्त १६ वटा कथानक (फिचर) चलचित्रहरू मध्यबाट निर्णायक टिमले फाइनलका लागि सातवटा चलचित्र चयन गरेको हो । शंकर घिमिरे निर्देशित तेल भिसा, ऋषिराज आचार्य निर्देशित द्रौपदी, जसमा दीपाश्री निरौला निर्देशित छक्का पञ्जा ५, माधवराज खरेल निर्देशित चिठ्ठी, घनश्याम लामिछाने निर्देशित लण्डन टु पेरिस, कृषा चौलागाई निर्देशित ऐँचो-पैँचो र विनोद बुढाथोकी निर्देशित संकल्प छन् । संकल्प पहिलोपटक जापानमा निर्माण भएको नेपाली चलचित्र हो । यसैगरी यो महोत्सवमा फाइनल चरणका लागि लघु चलचित्रतर्फ रौनकविक्रम कँडेल निर्मित निर्देशित रेड, प्रद्युम्न मिश्र निर्देशित खुशी, सन्तोष सुवेदी निर्देशित द ट्रि म्यान, विकास मगर (विश्वास) निर्देशित खिल, कृष्णप्रसाद धिताल निर्देशित एप्रोन, गृष्म श्रेष्ठ निर्देशित आकाश, राजन खरेल निर्देशित हयर एम आई र डब्बु क्षत्री निर्देशित सिगरेट रहेको छ । यी मध्य रेड, सिगरेट र हयर एम आई अप्रतियोगी चलचित्र हुन् । महोत्सवमा फाइनलको लागि प्राप्त वृत्तचित्रमध्ये चारवटा नेपाली वृत्तचित्र तथा वृत्तचलचित्र अन्तिम प्रतिस्पर्धाका लागि चयन भएका छन् । जसमा रामजी ज्ञवाली निर्देशित रित्तो गाउँ, अरुणकुमार प्रधान निर्देशित (माता : लिभिङ गडेज) लव प्याकुरेल निर्देशित गर्ल्स रिवेरिङ र शिव पुरी निर्देशित डिफिनेटेड टु डिसापियर छन् । महोत्सवमा यसपटक प्राप्त २४ वटा सांगीतिक लघु चलचित्र मध्य पाँचवटा अन्तिम प्रतिस्पर्धाका लागि चयन भएका छन् । जसमा सोनाम पाखिन निर्देशित तिमी आँसु रहेछौं, हेमन्त शिशिर निर्देशितसँगै जुनी काटम्ला, देवेन्द्र कुँवर निर्देशित मायाले सजाउँला, जनक सिंह निर्देशित भुल्नै गारो भो, बबिता मगरको थिँक अवाउट यु र वीरेन्द्र भट विपिन निर्देशित जिन्दगी खेलजस्तै रहेको छ । यसैगरी आदिवासी जनजाति चलचित्रको प्रतिस्पर्धामा नेपाल अफ्रिका अन्तर्राष्ट्रिय चलचित्र महोत्सव-२०२५को लागि फाइनलमा तीन वटा चलचित्र चयन भएका छन् । जसमा दर्शनवीर शाक्य निर्देशित नेपाल भाषाको लघु चलचित्र इन्द्रायणी, सागर केरुङ निर्देशित लिम्बु भाषाको चलचित्र के टु र आचार्य गोपाल निर्देशित मगर भाषाको चलचित्र अखत छन् । यसपटक स्टुडेन्ट चलचित्रको सूचीमा अन्तिम प्रतिस्पर्धाका लागि दुई विद्यार्थी चलचित्र चयन भएका छन् । जसमा कमला पौडेल र झरना साउद निर्देशित नो स्मोकिङ प्लिज र मोहन अभिलाषी निर्देशित स्कुल वाल रहेको आयोजकले जनाएको छ ।

*-इहिमालय टाइम्स डटकम*

# 'ताण्डवम्' 'दर्शकले स्मरण गर्ने धेरै चिज छन्'



अभिनयमा अब्बल कलाकारको रुपमा चिनिएका अंकित खड्काले एक दर्जनभन्दा बढी फिल्ममा काम गरिसकेका छन् । अब उनको नयाँ फिल्म 'ताण्डवम्' यही शुक्रबार अर्थात् फागुन ९ गतेबाट प्रदर्शनमा आउने तयारीमा छ । एक साताअघि सार्वजनिक ट्रेलरले फिल्ममा उनी नकारात्मक चरित्रमा रहेको प्रष्ट पार्छ । उनको पात्रले आमालाई घृणा गर्ने पनि ट्रेलरमा खुलाइएको छ । फिल्ममा अंकितको पात्रको नाम 'घैंटे' हो । उसले आमाको माया पाएको हुँदैन । यसैले उसमा आमाप्रतिको सोच फरक छ । आमाको माया नपाएको मान्छे कस्तो हुन्छ र कस्तो व्यवहार गर्छ भन्ने कुरा फिल्मले देखाउने उनको भनाइ छ । फिल्ममा उनले आमा शब्दलाई गाली समेत गरेका छन् । आमालाई गाली गर्न भने उनलाई गाह्रो भएको रहेछ । उनी भन्छन्, 'मलाई 'घैंटे'को क्यारेक्टर गर्न गाह्रो भएको थियो । सटिङकै बेला मेरो आमा पनि बित्नुभयो । फिल्ममा भने आमालाई गाली गर्नुपर्ने थियो । मलाई त्यो गर्नै मन थिएन । आमा शब्द भनेको पृथ्वी हो, पृथ्वीलाई कसरी गाली गर्ने ? तर, मेरो क्यारेक्टरले आमालाई गाली गर्नैपर्ने भएकाले धेरै गाह्रो भयो ।' यद्यपि, उनलाई कलाकार भएपछि हरेक क्यारेक्टरमा काम गर्नुपर्छ भन्ने लाग्छ । अंकित 'ताण्डवम्'मा दर्शकले स्मरण गर्ने धेरै चिज रहेको दाबी गर्छन् । भन्छन्, 'प्रत्येक फिल्ममा केही न केही नयाँ हुन्छ । यो फिल्ममा पनि दर्शकले स्मरण गर्ने धेरै चिजहरु छन् । यो लभस्टोरी, एक्सन, थ्रीलर फिल्म हो । यसमा साथीको कथा छ । मायाप्रेम छ । मध्यम वर्गीय परिवारको कथा पनि छ ।' 'ताण्डवम्' हरेक वर्गका दर्शकलाई मनपर्ने उनको विश्वास छ । लामो समयदेखि नेपाली फिल्ममा रंग संयोजन गर्दै आइरहेका जुनिम गहतराजले फिल्मको निर्देशन गरेका हुन् । फिल्ममा जुनिम स्वयं मुख्य भूमिकामा छन् । उनको जोडी अभिनेत्री सरिना मगरसँग बाँधिएको छ । यसमा पुष्कर गुरुङ, प्रेम सुब्बा, अनोज पाण्डे, कमल कार्कीलगायतको पनि अभिनय रहेको छ । फिल्मको निर्माताहरुमा धनकुमारी गहतराज, सविना मगर र मनिष गौतम छन् ।

*-फिल्मी खबर डटकम*

# 'सनम तेरी कसम: २' का बिषयमा निर्देशक-निर्माताबीच लफडा



सन् २०१६ मा रिलिज भएको फिल्म 'सनम तेरी कसम' ले अहिले पुन: रिलिजमा बक्स अफिसमा राम्रो कलेक्सन गरिरहेको छ । यसैबीच, र रिलिजमा अकल्पनिय कमाइ गरिरहेको यो फिल्मको सिक्वेलका बारेमा भने विवाद सुरू भएको छ । वास्तवमा केही समय अघि 'सनम तेरी कसम' का निर्देशक राधिका राव र विनय सप्रुले एक अन्तर्वार्तामा 'सनम तेरी कसम: २' बनाउने घोषणा गरेका थिए । तर फिल्मका निर्माता दिपक मुकुटले सन् २०२४ मा सिक्वेल बनाउने घोषणा गरेको भन्दै यसप्रति असन्तुष्टि जनाएका छ् ।

सो फिल्मको निर्माता आफु भएकाले फिल्मको अधिकार आफूसँग मात्रै रहेको जनाउँदै उनीबिना फिल्मको सिक्वेल बन्न नसक्ने जनाएका छन् । 'सनम तेरी कसम' का निर्माता दीपक मुकुटले सिक्वेलको विवादमा बलिउड हंगामासँग कुरा गर्दै भने, 'सनम तेरी कसम फिल्मको निर्माता म नै हुँ र फिल्मको आईपी मेरो हो । त्यसैले यो फिल्मको सिक्वेल, प्रिक्वेल वा रिमेक बनाउने अधिकार पनि मसँग मात्रै रहेको छ, मैले सेप्टेम्बर २०२४ मा हर्षवर्धनसँग यसको सिक्वेल घोषणा गरेको थिएँ । जहाँसम्म निर्देशकहरू (विनय सप्रु र राधिका राव) को सवाल छ, मैले उनीहरूसँग यसबारेमा कुनै छलफल गरेको छैन । न उहाँले नै मलाई भेट्नु भएको छ, न त सिक्वेलका बारेमा कुनै कुराकानी नै गर्नु भएको छ । र, यो पनि भनिदिउ कि मैले अहिलेसम्म सिक्वेल फिल्मको निर्देशक तय गरेको छैन ।' दीपक मुकुटले थप अगाडी भने, 'मसँग कुरा गर्नु उहाँको काम हो, अरु केही नगर्ने तर उनले सिक्वेल बनाउने विषयमा अन्तर्वार्ता दिइरहेका छन् । फिल्मको अधिकार मसँग रहेको कुरा दोहोऱ्याउन चाहन्छु ।' कुराकानीका क्रममा दीपक मुकुटले सनम तेरी कसम: २ अहिले लेखन चरणमा रहेको बताए। उनका अनुसार चलचित्रको मुख्य अभिनेतामा अघिल्लो चलचित्रका अभिनेता हर्षवर्धन राणे नै रहने पक्का भएका छन् भने अभिनेत्रीको भने अझै फाइनल भइसकेको छैन । सन् २०१६ मा रिलिज भएको फिल्म 'सनम तेरी कसम' पुन: गत ७ फेब्रुअरीमा रिलिज गरिएको थियो । सो फिल्मले २०१६ मा रिलिज हुदाँ अलटाइम १६.०३ करोड कमाएको थियो तर रि-रिलिजमा फिल्मले ३४.२९ करोडको बक्स अफिस कलेक्सन गरिसकेको छ । यो पुन: रिलिजमा सबैभन्दा धेरै कमाउने फिल्महरू मध्ये एक पर्न सफल भइसकेको छ ।

*-डिसी नेपाल डटकम*

# प्रलिशाले जितिन् 'मिस नेवा: ११४५'को ताज



ललितपुर महानगरपालिका-१६ की प्रलिशा शाक्यले 'नेपाल टेलिकम मिस नेवा: ११४५'को उपाधि जितेकी छिन् । नेप्लीज फेसन होमको आयोजनामा आइतबार साँझ सम्पन्न प्रतियोगितामा १९ प्रतिस्पर्धीहरुलाई पछाडि पार्दै उनले उपाधि चुमेकी हुन् । उपाधिका साथ उनले नगद एक लाख रुपैयाँ तथा अन्य विभिन्न उपहारहरू समेत जितेकी छन् । प्रतियोगितामा चन्द्रागिरि नगरपालिका नैकापकी लूनिभा मानन्धर फस्ट रनर्सअप र चमती, काठमाडौंकी लुमना महर्जन सेकेण्ड रनर्सअप भए । उनीहरुले क्रमश: २५ हजार रुपैयाँ तथा १५ हजार रुपैयाँसहित विभिन्न उपहारहरू प्राप्त गरे । सरस्वती मल्टिपल क्याम्पसका प्रमुख दिव्या लक्ष्मी बज्राचार्य मुख्य निर्णायकको रुपमा रहेको प्रतियोगितामा अधिवक्ता तथा माँ बगलामुखी कोअपरेटिभका अध्यक्ष लक्ष्मण महर्जन, लायन्स इन्टरनेश्नल क्लब ३२५ एलका पूर्व डिस्ट्रिक्ट गभर्नर लायन मणिश्री रत्न बज्राचार्य, एलसीसीएल, ललितपुरका पूर्व अध्यक्ष अजर मान जोशी, नमूना कलेज अफ फेसन टेक्नोलोजीका उपप्रमुख जीवेश्वर लाल श्रेष्ठ, नेपाल लिपी गुठीका अध्यक्ष अनिल स्थापित, एसओ नेपालका अध्यक्ष डा.शिक्षिता श्रेष्ठ तथा मिस नेवा:नेपा ११३४ की विजेता एलिशा बज्राचार्य निर्णायक रहेका थिए । आयोजक नेप्लीज फेसन होमकी अध्यक्ष हेमा मानन्धरले मिस नेवा: ब्युटी कन्टेस्ट मात्र नभएर नेवारी समुदायको कला र संस्कृति जोगाउने अभियान रहेको जानकारी दिइन् ।

*-रातोपाटी डटकम*

# जनप्रिय माविले मनायो ६५ औं वार्षिक उत्सव

भरत शर्मा

**पाल्पा,** फागुन ६/तानसेनको बर्तुङ्गस्थित जनप्रिय माध्ममिक विद्यालय बर्तुङ्गले ६५ औं वार्षिक उत्सव एवं अभिभावक दिवस मनाएको छ । विद्यालयले सप्ताहव्यापी कार्यक्रमको आयोजना गरि वार्षिक उत्सव एवं अभिभावक दिवस मनाएको हो ।



कार्यक्रमको तानसेन नगरपालिका प्रमुख सन्तोषलाल श्रेष्ठले उद्घाटन गरेको हो । उत्सवको उद्घाटन गर्दै मेयर श्रेष्ठले तानसेन नगरपालिका भित्र रहेका सामुदायिक विद्यालयको भौतिक सुधार र गुणात्मक शिक्षाका लागि नगर पालिकाले सहयोग गर्दै आएको बताए । उनले कुनै बेला शिक्षा स्वास्थ्य र पर्यटनको क्षेत्रमा तानसेन अन्य सहरको तुलनामा अग्रस्थानमा रहेको उल्लेख गर्दै अहिले पछि पर्दै गएकोप्रति चिन्ता व्यक्त गरे । नगर प्रमुख श्रेष्ठले सबै मिलेर तानसेनको विकासमा सहयोग गर्न आवश्यक रहेको बताए । कार्यकममा विद्यालयका प्रधानाध्यापक हिरा आचार्यले स्थानीय अभिभावक, शिक्षा प्रेमी बुद्धिजिवी, व्यवस्थापन समिति, शिक्षक र विद्यार्थीको प्रयास बाट विद्यालयले भौतिक सुविधा सहित गुणात्मक शिक्षा दिन सफल हुदै आएको बताए । साथै प्रधानाध्यापक आचार्यले विद्यालयमा हाल २१५ जना बालबालिका अध्ययनरत रहेको र आ.व. २०७९/०८० मा १ करोड १९ लाख ७९ हजार २५७ बराबरको आय व्यय रिपोर्ट प्रस्तुत गरेका थिए । कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष दया राम पाण्डेले विद्यालयलाई ९६ हजार सहयोग गरेको त्यस बखत जानकारी गराइएको थियो । यसैगरि विद्यालयलाई स्तरोन्नति गरि +२ सञ्चालन गर्ने, प्राविधिक विषय अध्यापन गराउने, विद्यार्थी संख्या बढाउने, पुस्तकालय र विज्ञान प्रयोगशाला व्यवस्थित बनाउने र स्कुल बसको व्यवस्था गर्ने योजना रहेको प्रधानाध्यापकले जानकारी गराएका थिए । कार्यक्रममा तानसेन नगरपालिका-६ का वडा अध्यक्ष सागरमान महर्जनले विद्यालयको भौतिक अवस्था सुधार गरि सुविधा सपन्न बनाउनका लागि वडा कार्यालयबाट नियमित सहयोग हुँदै आएको बताए । सोही अवसरमा विद्यालयले शैक्षिक तथा अतिरिक्त क्रियाकलापमा उत्कृष्ट हुने विद्यार्थीलाई सम्मान तथा ५० भन्दा बढी विद्यार्थीलाई छात्रवृत्ति समेत प्रदान गरेको छ । वार्षिक उत्सवकै अवसरमा शिक्षकहरु नैना कुमारी ज्ञवाली, शंकर भट्टराई र दिपक पौडेललाई दिर्घ सेवाबाट सम्मान पनि गरिएको थियो । कार्यक्रममा शिक्षा प्रेमी, बुद्धिजिवी अभिभावक लगायतले शुभकामना व्यक्त गर्दै विद्यालयको चौतर्फी विकासका लागि स्थानीय, अभिभावक, व्यवस्थापन समिति, शिक्षक र विद्यार्थीको संयुक्त प्रयास रहनु पर्ने कुरामा जोड दिएका थिए । २०१६ सालमा बर्तुङ्गको लाँकुरी भन्ने स्थानमा स्व. यादव कुमारी खनालको आर्थिक तथा स्थानीय शिक्षा प्रेमी र बुद्धिजिवीको पहलमा विद्यालय स्थापना भएको इतिहास रहेको छ । सुरुको अवस्थामा रुखमुनी हुदै दलान, पिंढी, पाटी, छाप्रो, टहरा हुदै अहिले यस विद्यालयले ५ वटा भवन बाट शिक्षा प्रदान गर्दै आएको छ ।

# रामपुरका शिक्षकहरुलाई योग सम्बन्धी शिक्षा

**पाल्पा,** फागुन ६/नगरपालिकाले विद्यालयमा अध्यापन गराउने शिक्षकहरुका लागि ३० दिने योग प्रशिक्षण कार्यक्रम मार्फत योग शिक्षा प्रदान गरेको हो । रामपुर नगरपालिकाले योग प्रशिक्षकको व्यवस्था गरि विद्यालयका शिक्षकहरुलाई योग सम्बन्धी शिक्षा प्रदान गरेको हो ।



योग प्रशिक्षण कार्यक्रमको सोमबार समापन गर्दै रामपुर नगरपालिकाका नगर प्रमुख रमण बहादुर थापाले स्वस्थ जीवन र स्वच्छ समाज निर्माणका लागि योग साधनाको आवश्यकता रहेको बताए । उनले स्वस्थ जीवन र स्वच्छ मस्तिष्कले मात्र स्वस्थ समाज निर्माण हुने उल्लेख गरे । उनले विद्यार्थीहरुलाई योग साधना सम्बन्धी ज्ञान विद्यालय शिक्षणको क्रममा प्रदान गर्नका लागि शिक्षकहरुलाई प्रशिक्षण कार्यक्रम गरेको बताए । भौतिक पूर्वाधार मात्र विकास नभएको भन्दै विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई कक्षा शिक्षणको क्रममा योग साधना सिकाई स्वस्थ मस्तिष्कको विकासका लागि कार्यक्रम आयोजना गरेको बताए । साथै नगर प्रमुख थापाले अब विद्यालयमा योग सम्बन्धी कक्षा शिक्षण गर्न आग्रह समेत गरे ।

# प्रजातन्त्रको ७५ वर्ष...

...एक सय चारवर्षे राणाशासन अन्त्य भई २००७ मा पहिलोपटक मुलुकमा प्रजातन्त्र स्थापना भएको थियो । प्रजातन्त्रकै जगमा लोकतन्त्र हुँदै मुलुकमा अहिले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापना भएको हो । प्रजालाई नागरिक बनाउने अठोटसहित संघर्षमा होमिएकामध्ये शुक्रराज शास्त्री, धर्मभक्त माथेमा, गंगालाल श्रेष्ठ र दशरथ चन्दले ज्यानको वलिदानी दिएका थिए । तर यतिबेला राजनीतिक दलका शीर्षनेताले व्यक्तिगत हित र उन्नतिलाई मात्र प्रजातन्त्र सम्झी नागरिक हित र उनीहरूप्रतिको दायित्वलाई पूरै तिरस्कार गरी प्रजातन्त्रकै खोल ओडिरहेका छन् । जहाँनियाँ राणा शासनविरुद्ध जनताले आन्दोलन गरी रगत बगाएपछि राणा शासक जनतासमक्ष घुँडा टेक्न बाध्य भई २००७ साल फागुन ७ गते प्रजातन्त्र स्थापना भएको घोषणा गरिएको थियो । तत्कालीन राजा त्रिभुवनको घोषणापछि राणा र कांग्रेस सम्मिलित सरकार गठन भई नेपालमा प्रजातान्त्रिक शासनकालको सूत्रपात भएको हो । फागुन ७ मा प्रजातन्त्र स्थापना भएको सम्झनामा सरकारले प्रत्येक वर्ष औपचारिक कार्यक्रमको आयोजना गरी विशेषरूपमा यो दिवस मनाउँदै आएको छ । सबै जिल्लामा पनि यो दिवस मनाइँदै आएको छ । दिवसका अवसरमा आज सरकारले सार्वजनिक विदा समेत दिएको छ ।

## खेलकुद समाचार

# क्रिकेट खेलाडीले युगाण्डा टुर गर्ने



**काठमाडौ,** फागुन ६/आगामी मार्चमा हुने नेपाली महिला टोलीको युगाण्डा भ्रमणका लागि प्रारम्भिक चरणको प्रशिक्षणका लागि नयाँ खेलाडीहरूसहित क्याम्पको घोषणा भएको छ । युगाण्डा क्रिकेट एसोसियसनको आयोजनामा मार्च ६ देखि १७ सम्म युगाण्डामा संचालन हुने मैत्रीपूर्ण क्रिकेट प्रतियोगिताका लागि पहिलो चरणमा १८ खेलाडी प्रशिक्षणमा बोलाइएका हुन् । टोलीमा यू-१९ विश्रुवकप खेलेका तीन नयाँ खेलाडीहरू छन् जसमा सना प्रवीन, रिया शर्मा र सीमाना केसी छन् । त्यस्तै शोभा रोकाया समावेश हुँदा शबनम राई फर्किएकी छन् भने सिता रानामगर टोलीमा छैनन् । १८ जना खेलाडीहरूमा कप्तान इन्दु बर्मा, रचना कुमारी चौधरी, राजमती ऐरी, अलिसा कुमारी यादव, सबनम राई, सना प्रवीन, रुबिना क्षेत्री, ममता कुमारी चौधरी, कविता जोशी, रोमा थापा, ईश्वरी विष्ट, रिया शर्मा, सम्झना कुमारी खड्का, पुजा महतो, विन्दु रावल, मनिषा कुमारी उपाध्याय, शोभा रोकाय, सीमाना केसी छन् । रचना, राजमती, अलिसा र मनिषाले केही साताअघि काठमाडौंमै भएको महिला टी-२०आई शृंखलामार्फत राष्ट्रिय टोलीका लागि डेब्यू गरिसकेका छन् ।

## सर्टिफिकेट हराएको सूचना

मिति २०८१/१०/०५ गते दमकडादेखि तानसेन आउँने क्रममा ता.न.पा-९, दमकडा बस्ने शंकर न्यौपानेको प्लस टु को माईग्रेसन सर्टिफिकेट हराएकोले फेला पार्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनु हुन अनुरोध छ ।

**नाम** : शंकर न्यौपाने
**ठेगाना** : ता.न.पा-९, दमकडा
**रजिष्ट्रेसन नम्बर** : ७१२५३४१२३
**सिम्बल नं.** : २२५०६२९६
**सम्पर्क नं.** : ९८४०३६६६२३

वर्गिकृत डिस्प्ले
१ X ५ साइजमा मात्र
वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्कः ०७५-५२०६०१

## अर्थ/कर्पोरेट समाचार

# नेप्से निरन्तर दोहोरो अङ्कले वृद्धि



**काठमाडौं,** फागुन ६/नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचकमा लगातार दोहोरो अङ्कको वृद्धि देखिएको छ । आइतबार १९ दशमलव ५६ र सोमबार २९ दशमलव ८७ अङ्कले बढेको नेप्से परिसूचक मंगलबार ११ दशमलव ९१ अङ्कले बढेको हो । शून्य दशमलव ४३ प्रतिशतको वृद्धिपछि नेप्से परिसूचक दुई हजार ७३९ दशमलव ८२ को विन्दुमा कायम भएको छ । आज ३१४ कम्पनीको एक करोड ८२ लाख ३० हजार ३०२ कित्ता शेयर ९९ हजार ५८५ पटक खरिदबिक्री हुँदा रु १० अर्ब ४३ करोड ७० लाख छ हजार २१४ बराबरको कारोबार भएको छ । आजको कारोबारमा बैङ्किङ शून्य दशमलव २२, लगानी एक दशमलव २४, जीवन बीमा एक दशमलव ७४, निर्जीवन बीमा शून्य दशमलव ३०, व्यापार शून्य दशमलव ४१ र अन्य समूह तीन दशमलव ६७ प्रतिशतले बढेको छ । अरू सबै समूहको उपसूचक घटेको छ । विकास बैङ्क एक दशमलव ७४, वित्त एक दशमलव ५०, होटेल तथा पर्यटन एक दशमलव ०४, जलविद्युत् शून्य दशमलव १३, उत्पादन तथा प्रशोधन शून्य दशमलव ०६, लघुवित्त शून्य दशमलव ७९ र म्युचुअल फन्ड शून्य दशमलव ०५ प्रतिशतले घटेको छ । वीन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड, गुराँस लघुवित्त वित्तीय संस्था लिमिटेड, इमर्जिङ नेपाल लिमिटेड र गार्डियन माइक्रोलाइफ इन्स्योरेन्स लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । त्यस्तै, सप्तकोशी डेभलपमेन्ट लिमिटेड र कुमारी डिभेन्चर-२०८६ को शेयर मूल्यमा भने नकारात्मक सर्किट लागेको छ । कारोबार रकम र कारोबार भएका शेयर सङ्ख्याका आधारमा हिमालयन रिइन्स्योरेन्स लिमिटेड अगाडि देखिएको छ । यो कम्पनीको रु ८२ करोड दुई लाख ३६ हजार ९१० बराबरको आठ लाख ९३ हजार ८५ कित्ता शेयर किनबेच भएको छ ।

मनको आवाज.............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्युनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्राई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्राई